

बाल दिवसमा प्रतिभा प्रस्फुटन गर्दै

# वागीश्वरी
## The Bagiswori



बाल दिवसमा प्रतिभा प्रस्फुटन गर्दै

वर्ष: १३ ✺ अङ्क: ६ ✺ बुधबार, १६ असोज २०८१ ✺ Wednesday, 2 Oct. 2024 ✺ मूल्य रु .३/-




# उपत्यकाव्यापी खो-खो प्रतियोगितामा वागीश्वरी मावि प्रथम



कीर्तिपुर- कीर्तिपुर नगरपालिका र कीर्तिपुर खो-खो एकेडेमीको संयुक्त आयोजनामा भएको उपत्यकाव्यापी अन्तरविद्यालय छात्र/छात्रा प्रथम मेयर कप खो खो खेल प्रतियोगितामा वागीश्वरी माध्यमिक विद्यालयले प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

२०८१ असोज १ गतेदेखि ३ गतेसम्म सञ्चालन भएको उक्त खेलमा वागीश्वरीले लिग चरणदेखि फाइनलसम्ममा ६ वटै खेलमा जित हात पारेको थियो । फाइनल खेलमा टेकु, काठमाडौंको कुमुदिनी कुञ्ज मावि (सिनियर) लाई सोझो सेटमा पराजित गरी प्रथम स्थान उपाधि प्राप्त गरिएको थियो । मङ्गल मावि, कीर्तिपुरले तेस्रो स्थानमा चित्त बुझाउनुपरेको थियो । छात्रातर्फको खेलमा एसियाली तापुञ्ज मा.वि., दक्षिणकालीले प्रथम स्थान हात पारेका थिए । विजयी खेलाडी तथा विद्यालयलाई कीर्तिपुर नगरपालिकाका उपमेयर शुभलक्ष्मी शाक्यले शिल्ड, पदक तथा पुरस्कार वितरण गर्नुभएको थियो ।

उपमेयर शाक्यले कीर्तिपुर नगरपालिकालाई खेलकुद क्षेत्रमा माथि उठाउन खेलसँग सम्बन्धित विभिन्न सङ्घ संस्थाहरूलाई सक्दो सहयोग गर्ने वचन दिनुभएको थियो ।

# वागीश्वरीका उपप्राध्यापक फेलु अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी

बैङ्कक - वागीश्वरी कलेजका उपप्राध्यापक राजन फेलु थाइल्याण्डको बैङ्ककमा असोज १० र ११ गते सम्पन्न 3rd Asia Pacific Conference on Educational Research, Social Science and Humanities (APCERSSH 2024) मा सहभागी हुनुभएको छ ।

विश्वका विभिन्न १५ देशका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालबाट वागीश्वरी कलेजका उपप्राध्यापक फेलु मात्र सहभागी भएको हो ।

उपप्राध्यापक फेलुले उक्त सम्मेलनमा "Gai Jatra: A Carnival of Grief, Joy, and Satire in Bhaktapur" विषयमा आफ्नो प्रस्तुती दिनुभएको थियो । प्रस्तुतीपश्चात् सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

सम्मेलनपश्चात् आयोजकले Shinawatra University को अध्ययन अवलोकनमा लगिएको थियो । सोही क्रममा वागीश्वरी कलेज र




Shinawatra University बीच सहकार्यात्मक सम्झौताको लागि छलफल भएको उपप्राध्यापक फेलुले बताउनुभयो ।

# 'भ्रष्टाचार नैतिक रूपमा पतन हुने अपराध हो' : प्रमुख प्रजापति

भक्तपुर- २०४५ सालमा पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र 'भक्तपुर काण्ड' को भर्त्सनास्वरूप भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा 'युवा आवाज स्वदेशमै रोजगार' (कक्षा ११ र १२) भक्तपुर नगरव्यापी विद्यालयस्तरीय निबन्ध लेखन र 'भ्रष्टाचार सामाजिक कलङ्क' विषयक भक्तपुर नगरव्यापी विद्यालयस्तरीय (कक्षा ८, ९ र १०) कविता प्रतियोगितामा विजयीहरूलाई पुरस्कार वितरण कार्यक्रम भदौ १४ गते शुक्रबार सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रतियोगिताका विजयीहरूलाई प्रमाणपत्र र नगद पुरस्कार वितरण गर्दै भ्रष्टाचारलाई नैतिक रूपमा पतन हुने अपराधको रूपमा व्याख्या गर्नुभयो ।

उहाँले जघन्य अपराधीलाई कानुनबमोजिम मृत्युदण्डको व्यवस्था गर्न सके मात्र सामाजिक अपराधहरू नियन्त्रण सम्भव हुने बताउँदै उहाँले विद्यार्थीहरूलाई सचेत पार्न यस किसिमका प्रतियोगिता आयोजनालाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

प्रतियोगितामा सहभागी र विजयी विद्यार्थीहरूलाई बधाई दिँदै उहाँले विद्यार्थीहरूले आफ्नो अध्ययनलाई मजबुत बनाउन

बाँकी पृष्ठ ८ मा...






### ६० औं बाल दिवसको अवसरमा

# वागीश्वरीमा बाल र्‍याली, प्रवचन र सांस्कृतिक कार्यक्रम




भक्तपुर- वागीश्वरी माध्यमिक विद्यालय, तौलाछेंं भक्तपुरले ६० औं राष्ट्रिय बाल दिवस विविध कार्यक्रम गरी मनायो। 'बाल बालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी' भन्ने गतवर्षकै नारा तय गरिएको उक्त दिवसको उपलक्ष्यमा वागीश्वरी मा.वि.ले बाल र्‍याली, प्रवचन, पुरस्कार वितरण र सांस्कृतिक कार्यक्रम गरी मनाएको हो।

बाल र्‍यालीको क्रममा विद्यार्थीहरूले बालश्रम विरोधी सन्देश, वातावरणीय सचेतनामूलक सन्देश, बालअधिकारलगायतका प्लेकार्डहरू बोकेका थिए । विद्यार्थीहरूकै बाजागाजाका साथ निकालिएको उक्त र्‍यालीमा विभिन्न जनजातिको पहिचान झल्कने पहिरनमा विद्यार्थीहरू सजिएका थिए । र्‍याली विद्यालयको प्राङ्गण तुमचोबाट शुरु भई च्याम्हासिंह, सूर्यमढी, तचपाल, इनाचो, गोलमढी याछे, साकोलान, गछें हुँदै पुन: विद्यालयमै पुगेर टुङ्गिएको थियो।

र्‍यालीपछि विद्यालय प्राङ्गणमा आयोजित प्रवचन कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले विद्यार्थीहरू अनुशासित, चरित्रवान, नैतिकवान, मिहिनेती हुनुपर्नेमा जोड दिँदै त्यस्तै विद्यार्थीले मत्र जीवनका हरेक क्षेत्रमा सफलता हासिल गर्ने दृष्टान्त दिनुभयो । उहाँले गलत सङ्गतमा पर्दा कोहीकोही विद्यार्थी झैझगडा, मद्यपान र लागुपदार्थ सेवनमा फसेका छन् भन्दै मोबाइलको गलत प्रयोग गर्दा धेरै विद्यार्थी साइवर अपराधमा परेका छन्, यतातर्फ सबैजना सचेत हुन आवश्यक छ भन्नुभयो।

कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले पत्रु (जङ्क) खाना स्वास्थ्यको लागि हानिकारक भएको चर्चा गर्दै खाना मुखको स्वादको लागि भन्दा स्वास्थ्यको लागि खाने हो, आफ्नै घरमा बनेको ताजा खानालाई सबै विद्यार्थीले प्राथमिकता दिन सुझाव दिनुभयो। त्यस्तै वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले कमिला र माहुरीको उदाहरण दिँदै उनीहरूजस्तै एकताबद्ध र परिश्रमी भए देश बनाउन गाह्रो नहुने बताउनुभयो।

विद्यालयको +२ र कलेजका संयोजक ज्ञानसागर प्रजापतिले नेपाली बालबालिकाहरू बाल दिवसमा रमाइर हँदा प्यालेस्टाइनी बालबालिकाहरू युद्धमा मारिइरहेको चर्चा गर्दै इजरायली फासीवादको विरोध गरी युद्ध रोक्नुपर्नेमा जोड दिनुभयो।

विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले विद्यार्थीहरूमा देशभक्ति भावना हुनुपर्नेमा जोड दिँदै सरकारले विद्यार्थीहरूको सुनिश्चित भविष्यको निम्ति लगानी भन्ने नारा दिए पनि कुल बजेटको कम्तीमा २० प्रतिशत लगानी गर्नुपर्नेमा ११ प्रतिशत पनि लगानी नगर्दा आज विद्यालयले अभिभावकसँग सहयोग उठाउन बाध्य भएको चर्चा गर्नुभयो।

कार्यक्रममा शिक्षक कृष्णमान मलेपतिले स्वागत, शिक्षिका मीना प्रजापतिले धन्यवाद मन्तव्य दिनुभएको थियो भने विद्यार्थीहरू मनीषा थापा (कक्षा ७ ए) र शुभ अवाल (कक्षा ८ ए) ले पनि शुभकामना मन्तव्य दिनुभएको थियो।

प्रवचन कार्यक्रमपछि विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम भएको थियो । पूर्व प्राथमिक तहदेखि कक्षा ८ सम्मका प्राय: सबै कक्षाबाट बाल गीतमा समूहगत नृत्य प्रस्तुत गरिएको थियो।

सोही दिवसको उपलक्ष्यमा विभिन्न खेलकुद प्रतियोगिता पनि भएको थियो । प्रतियोगिताका बिजेता प्रथम, द्वितीय र तृतीय छात्रछात्राहरूलाई कार्यक्रममा मेडलसहित पुरस्कार पनि वितरण गरिएको थियो । कक्षा प्लेग्रुपदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूको निम्ति निशाना खेल, भित्रबाहिर खेल, पानी पर्ने, तातो आलु, म्युजिकल चियर, चम्चा दौड, पुच्छर तान्ने खेल, घ्याम्पो फुटाउनेलगायतका खेलहरूको प्रतियोगिता भएको थियो ।

# वागीश्वरीमा संविधान दिवसको अवसरमा प्रवचन




भक्तपुर- वागीश्वरी माध्यमिक विद्यालय कक्षा १२ का सामान्या कानून विषयका विद्यार्थीहरूको आयोजनामा असोज २ गते बुधबार एक समारोहबीच संविधान दिवस मनाएको छ ।

कार्यक्रममा कानुन अध्ययन समाजका प्रतिनिधि अधिवक्ता विकल प्रजापतिले संविधानका हरेक पक्षमा हेर्नुपर्नेमा संवैधानिक अङ्गका मुख्य पदाधिकारीहरूले नै नहेर्दा देश दुर्घटनामा परेको बताउनुभयो । उहाँले विद्यार्थीहरू नै देशका मुख्य अङ्गमा पुग्नुको विकल्प नभएको बताउँदै अहिलेबाटै संविधानका हरेक पक्षमा अध्ययन गर्नुपर्ने औंल्याउनुभयो । संविधान पालना गर्नु सबैको कर्तव्य भएको बताउँदै उहाँले संविधानप्रदत्त मौलिक हक अधिकारको कार्यान्वयन गर्न सबै लाग्नुपर्ने बताउनुभयो ।

अधिवक्ता एवं शिक्षक पुरुषोत्तम ग्वाछ्राले संविधानका विविध पक्षमा विद्यार्थीहरूले ज्ञान हासिल गर्नुपर्ने बताउँदै सही ठाउँमा पुगी काम गर्नुपर्नेमा जोड दिनुभयो ।

अधिवक्ता एवं शिक्षक प्रेम प्रजापतिले संविधानका मौलिक हकअन्तर्गत सूचनाको हक कार्यान्वयनमा ल्याउन राज्य आफै बाधक भइरहेको बताउनुभयो । उहाँले संविधानमा रहेका हक अधिकारको सही रूपमा उपयोग गर्नुपर्नेमा जोड दिँदै देशको मूलकानुन संविधानको कार्यान्वयन गर्न सबै पक्ष सक्रिय हुनुपर्ने बताउनुभयो ।

अधिवक्ता एवं शिक्षक राजन लाखाले कानुनका विद्यार्थी स्वनियममा बस्नुपर्ने बताउँदै यो कार्यक्रमले विद्यार्थीहरूका लागि नयाँ ज्ञान दिन सार्थक भएको बताउनुभयो ।

अधिवक्ता एवं शिक्षक प्रजापति खनालले देशभक्ति गीत गाउँदै संविधान दिवसको शुभकामना दिनुभयो । कक्षा १२ का विद्यार्थी रघुनन्दन महत्तोको सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यार्थीहरूले संविधानका विभिन्न पक्षका बारे व्याख्या विश्लेषण गरेका थिए ।

# युवा आवाज स्वदेशमै रोजगार

## (भनपा ९ द्वारा आयोजित निबन्ध प्रतियोगितामा द्वितीय)



इभान्जली लामा, कक्षा १२, द्वितीय

युवा भनेको जीवनको त्यो चम्किलो अवस्था हो, जुन व्यक्तिहरूमा ऊर्जाको ऊर्जाशीलता, सपनाहरूको सम्भाव्यता र संसारलाई परिवर्तन गर्ने जोस प्रबल हुन्छ अर्थात् उमेरगत रूपले भन्नुपर्दा १६ वर्षदेखि ४० वर्षका उमेर समूहका जनशक्ति हुन्। उनीहरू उमेरले मात्र होइन सोचाइले पनि नयाँपन, साहस र सिर्जनशीलताको प्रतीक हुन्छन् । उनीहरूमा जोस्, जाँगर, साहस र तातो रगत सल्बलाइरहेको हुन्छ । उनीहरूसित पहाडलाई मैदान र मरुभूमिलाई हराभरा बनाउने शक्ति रहेको हुन्छ । उनीहरूसँग ढुङ्गा रसाउने र काँडा फलाउने तागत रहेको हुन्छ । यस्तै हिराहरूलाई आफ्नै देशको विकासमा स्वदेशमै रोजगार दिन आवश्यक छ। स्वदेशिक रोजगार भनेको आफ्नै देशभित्र रहने र त्यहीं उपलब्ध रोजगारीका अवसरहरूमा काम गर्ने प्रक्रिया वा अवस्था हो।

दैनिक आवश्यकता पूरा गर्न, परिवारको भरणपोषण गर्न वा आय आर्जनका लागि गरिने कामलाई रोजगारी भनिन्छ। यही रोजगारका लागि नेपालबाट महिनामा झन्डै ५० हजार युवा रोजगार वा अध्ययनको क्रममा विदेश जाने गरेका छन् । देशका करिब ५० लाख जनशक्ति अहिले पनि विदेशी भूमिमा पसिना बगाइरहेको आँकलन गरिएको छ । हाम्रो युवा वर्ग मलेसियादेखि खाडी मुलुकहरूमा पुगेर कठोर श्रम गरिरहेका छन् । उनीहरूले त्यहाँ गरेको श्रमले नेपालमा कि रेमिट्यान्स आयो ? कि उनीहरूको लास ? रेमिट्यान्स आउँदा खुसी भएको हाम्रो सत्ता कफिनमा नेपाली श्रमिकको लास आउँदा भने कहिल्यै गम्भिर बनेन । स्वदेशमा केही विकल्प नपाएपछि विदेश पलायनमा नै उत्तम विकल्प देखे नेपाली युवाले । देश उनीहरूले पठाएको रेमिट्यान्सले चल्यो तर देश चलाउने नेताले उनीहरूका बारेमा कहिल्यै सोच्न भ्याएनन्।

शोषण, दमन, उत्पीडन र निरङ्कुश शासनविरुद्ध २००७ सालदेखि २०४६ साल र २०६२/०६३ को जनान्दोलनसम्म माओवादी, सशस्त्र द्वन्द्व र लोकतान्त्रिक गणतन्त्रको आन्दोलनमा रगतको खोलो र पसिना बगाएर हजारौं युवाहरूले प्राणको आहुती चढाएका हुन्। त्यसो भए त्यो बलिदान कहाँ गयो त ? त्यो रगत र पसिनाको मूल्य नेपाल आमाले के पाइन् त ? अब आम सचेत नागरिकले खोज्नुपर्ने बेला आएको छ। जबसम्म हामीले आफ्नै पसिनाको मूल्यको महत्त्व थाहा पाउँदैनौं तबसम्म हामीले समृद्धि पाउन सक्दैनौं।

हाल गाउँका उर्वर भूमीहरू यसै बाँझो पल्टिएका छन् । हरेक वर्ष भारत, चीन र विदेशबाट अन्न, फलफूल, तरकारी किनेर ल्याउनुपरेको छ । लाखौं युवाहरू जीन्दगीभर हड्डी घोटेर बुढ्यौलीमा टेकेका आमा, बुवा, कलिला बच्चा र सुत्केरी श्रीमतीलाई भत्कन लागेको घरमा छोडेर परदेशी भूमिमा पसिना बगाउन पुगिरहेका छन् । काठमाडौंको त्रिभुवन विमानस्थलमा देश र परिवारसँगको विछोडमा आँसुको धारा बगाउँदै सुक्क सुक्क रुँदै परदेशी बनेका युवाहरू देख्दा जो कोही देशभक्त नागरिकको हृदय धुजाधुजा बनेर चिरिन्छ । आँखाहरूमा पीडा र वेदनाका आँसुहरू छचल्किन्छन् । आफ्नो देशरूपी घरको छानो चुहिएको छ तर कतिपय नेपाली युवाहरूलाई विदेशी घरको ढलान गर्न र भित्ताहरूको मर्मत गर्न कुद्नुपरेको छ । अब हामीले ती आँसुको मूल्य र युवाहरूसँग आश्रित आमाहरूको पीडा र वेदना बुझ्ने बेला आएको छ । हाम्रो देशका विद्यार्थी युवाका जीवनको लक्ष्य परीक्षा र उत्तीर्ण गर्नु र कोरा प्रमाणपत्रहरू लिनु मात्र होइन। यसको लक्ष्य सैद्धान्तिक र व्यावहारिक ज्ञानबाट युवाको जीवनलाई सफल र सार्थक बनाउन सकिन्छ। शिक्षा र सीप जीवनोपयोगी र व्यवहारिक हुनु पनि नितान्त जरुरी छ।

हामी चेतनशील तथा बुद्धिमानी प्राणी हौं। धनी राष्ट्रले कल्पना गरेर आकाशमा चराहरू उडेको देखेर हवाईजहाजदेखि लिएर अत्याधुनिक रकेटसम्म निर्माण गरी आकाशमा स्वच्छन्द चराझैं उड्न सफल भए । पानीमा माछा तैरिएको देखेर पानीजहाजदेखि अत्याधुनिक पानडुब्बी निर्माण गरी समुद्रमा तैरिन सफल भए भने हामीले पनि उनीहरूबाट सिक्नुपर्छ। गरेपछि जे पनि सम्भव छ। तसर्थ हामीले देशमै केही गर्नुपर्छ। देश आफ्नै पहिचान र गौरवले फेरि ठडिन चाहेको छ; फेरि तङ्ग्रिन चाहेको छ । देश आज युवाको बाटो हेरिरहेको छ । वर्षा याम र जाडो याममा धर्तीलाई विस्तारा बनाई खुला आकाश ओढेर बसेको टिठलाग्दो देशको आँखाले आज युवाको बाटो पर्खेर बसेको छ । अब अरब गएर खरब कमाउन चाहने र आफ्नो खोरीया बाँझो छोडेर कोरियातिर हाँकिनेहरूलाई देशले सचेत बन्न आग्रह गरिरहेको छ।

स्वदेशमै रोजगारीको सिर्जना गर्नुपर्छ । देशका कर्मशील हातहरूलाई स्वदेशकै माटो मलिलो बनाउने काममा लगाउनुपर्छ । आज हामी विदेशमा बनेका कपडा लगाएर स्वदेशमा केही भएन भन्छौं। यसो गर्न हाम्रो नैतिकताले दिँदैन । हामीले लगाउने कपडा समेत स्वदेशमै बनेको हुनुपर्छ । राज्यका विभिन्न निकायहरूमा स्वदेशी कपडा अनिवार्य गर्नुपर्छ । विद्यालयको पोशाक, सरकारी कर्मचारीहरूको पोशाक, सेना तथा प्रहरीहरूको पोशाकमा मात्र स्वदेशी कपडाको प्रयोग गर्न सकियो भने पनि देशमा विकासको गति हुइकिन्छ । यति मात्र होइन, हुम्लाको जाडो छेक्ने, मधेसलाई शितलता दिने तथा नेपालीको पहुँचमा रहने गरी कपडा उत्पादन गर्न सरकारले उद्योगीहरूलाई प्रोत्साहित गर्नुपर्छ।

नेपालजस्ता देशहरूको प्रमुख समस्या भनेको गरिबी हो। गरिबीको मुख्य कारण बेरोजगारी हो। यसका लागि सबैभन्दा पहिलो आवश्यकता देशमा अवसरहरूको सिर्जना गर्नु हो। यसका लागि कलकारखानाहरू खोलेर विकासका नयाँ योजनाहरू ल्याएर श्रम, सीप तथा आर्थिक लगानीका ढोकाहरू खोलेर रोजगारी सिर्जना गर्नपर्ने हुन्छ । हामीलाई प्रकृतिले प्रशस्त सम्पदाहरू दिएको छ। तिनको सदुपयोग गरेर स्वदेशी पुँजीलाई स्वदेशकै निर्माणमा खर्च गर्ने वातावरण बन्यो भने जनशक्ति उत्पादन र व्यवस्थापनमा समस्या आउने छैन।

गरिबीको अर्को मुख्य कारण जलसम्पदाको सदुपयोग नहुनु पनि हो । यत्रो विशाल जलभण्डारको सदुपयोग हुने हो भने नेपाल जलविद्युत क्षेत्रमा हालको स्थितिबाट सयौं गुणा अगाडि बढ्न सक्छ । जल यातायातका क्षेत्रमा पचास गुणा अगाडि बढ्न सक्छ। कृषि क्षेत्रमा पचास गुणा अगाडि बढ्न सक्छ । यसको सदुपयोग भएमा घरघरमा र उद्योगधन्दामा इन्धनको समस्या हुँदैन । कृषिमा सिंचाइको समस्या रहँदैन । पिउने पानी सरसफाई आदिमा आत्मनिर्भर हुनसके नेपालबाट ठूलो धनराशी बिदेसिँदैन । विद्युत, उत्पादन, यातायात र स-साना उद्योगहरू खोलेर युवालाई देशमै अड्याउनुपर्छ, रोक्नुपर्छ।

नेपालजस्तो कृषि प्रधान देशमा त झन् कृषिलाई नै प्रमुख कार्यक्षेत्रको रूपमा युवा आकर्षण बढाउने कार्यको थालनी हुनु आवश्यक छ । कुखुरापालन, मौरीपालन, मत्स्यपालन, गाईवस्तु, भैंसीपालन, च्याउखेती, बेमौसमी तरकारी खेती आदि व्यवसायमा युवाहरूको ध्यान आकर्षण गर्ने हो भने एकातिर विदेशबाट सामान आयात गर्दा बाहिरिने स्वदेशी मुद्रा स्वदेशमै रहन्छन् अर्कातिर श्रम बेच्न बिदेसिनेहरूको सङ्ख्यामा पनि गिरावट हुन्छ। कुनै पनि काम सानो र ठूलो हुँदैन। हाम्रो देशको जुम्लाको मार्सी चामल धेरै नभए पनि एक एक चम्चा विश्वलाई खुवाउनु र इलामको लालीगुराँस अनि मुस्ताङको स्याउ विश्वभरि पुर्‍याउँदा देशले विकासको पाइला लम्काउँछ।

अन्तत: युवा जोस र जाँगरलाई राष्ट्र निर्माणमा लगाउन नसकेसम्म कुनै पनि देशको विकास नहुने हुँदा युवाहरूलाई नि:शुल्क तालिमको व्यवस्था गर्ने, आयमूलक सिपको विकासमा जोड दिई प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न सम्बन्धित व्यवसायको बारेमा जानकारी दिने जस्ता कार्यक्रमहरूलाई राष्ट्रिय कार्ययोजनाका रूपमा विस्तार गर्नुपर्छ । युवाहरूले पनि आफ्नो क्षणिक स्वार्थलाई त्यागेर राष्ट्रिय स्वार्थलाई आत्मसात गरी अगाडि बढ्नुपर्छ । राष्ट्रका सम्पूर्ण युवा राष्ट्र निर्माणको सहयज्ञमा लागे भने यो देशले छिटो नै काँचुली फेर्नेछ । यसको लागि युवा आवाज स्वदेशमै रोजगार हुनुपर्छ। राजनीति फोहोरी खेल नभई स्वच्छ पवित्र हुनुपर्छ।

नेपालमा पर्यटक क्षेत्रमा पनि ठूलो अवसर छ। हामीहरूसँग भौतिक सम्पत्ति नभए पनि हाम्रो सत्कारका कारण पर्यटकहरू नेपालमा पटक पटक आउन चाहन्छन् । हामी पर्यटकहरूलाई जुस र सोफाका आनन्द त दिन सक्दैनौं तर करुवाको कलकल पानी र गलैंचामा बस्नुको सुख भने अवश्य प्रदान गर्न सक्छौं।

# वागीश्वरी कलेजका दुई उद्यमी विद्यार्थीहरूलाई बीउ पूँजी वितरण





भक्तपुर- वागीश्वरी कलेज तुमचो कमलविनायकमा विश्वविद्यालय अनुदान आयोग (UGC) को सहयोगमा सञ्चालित उद्यमशीलता सहयोग कार्यक्रम (ESP) अन्तर्गत बीउ पुँजी (Seed Fund) वितरण कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो । युजीसीको सम्पूर्ण प्रावधान पूरा गरी कलेजका विद्यार्थीद्वय निष्ठा कायष्ठ र कृपा प्रजापतिले उद्यमशीलताको लागि क्रमश: ३१ लाख ५० हजार र २४ लाख १० हजार बीउ पूँजी प्राप्त गरेका हुन् । प्राप्त हुने उक्त रकममध्ये पहिलो किस्ता ३० प्रतिशतका दरले चेक हस्तान्तरण गर्दै प्रमुख अतिथि प्रजापतिले पूँजी प्राप्त गर्ने विद्यार्थीहरूको सफल उद्यमशीलता भावी विद्यार्थीहरूको लागि मात्र नभई देशकै लागि उदाहरणीय हुने बताउनुभयो ।

उहाँले भन्नुभयो- 'युजीसीको यो कार्यक्रम कलेजको लागि पनि पहिलो प्रयास भएकाले हामी सबैको लागि यो परीक्षा पनि हो । पैसा भनेपछि महादेवका पनि तीन नेत्र खुल्छ भन्ने गरिन्छ; पैसाको लोभमा फसे उद्यम बिग्रिन सक्छ; अत्यन्त सचेत हुन आवश्यक छ ।'

जुन विश्वासका साथ बीउ पुँजी दिइएको छ त्यसलाई सदुपयोग गरेर निर्धारित समयमा फर्काउन सक्नुपर्छ; अन्यथा सरकारी रकम सरह असुल गरिने जानकारी दिँदै उहाँले युवा शक्ति विदेश पलायन भएर देश कसरी बन्छ ? भनी प्रश्न गर्नुभयो ।

नेपाली युवा विद्यार्थीलाई देशमै टिकाउन ल्याइएको युजीसीको कार्यक्रमको प्रशंसा गर्दै उहाँले भन्नुभयो- 'देश युवाहरूकै सिर्जनशीलताले सजाउने हो; आज दुई जनाले प्राप्त गरेको यो कार्यक्रम आगामी दिनमा अझ बढी विद्यार्थीले प्राप्त गर्न सकून् शुभकामना छ ।'

उहाँले युवा रोजगारीको लागि भक्तपुर नगरपालिकाले पनि रु.५ लाखसम्मको बीउ पूँजी दिँदै आएको चर्चा गर्दै युवा केन्द्रित विभिन्न सीपमूलक तालिमहरू पनि सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगको अनुसन्धान तथा छात्रवृत्ति महाशाखाका कार्यक्रम अधिकृत दिनेश प्रजापतिले उद्यमी बन्ने युवा सोचलाई युजीसीले सहयोग गरेको चर्चा गर्दै सहयोग प्राप्त गर्न निरन्तर प्रयास गरिरहनुपर्ने बताउनुभयो । अरूले गरेको कामको नक्कल गर्नुभन्दा भिन्नै आफ्नो मौलिक सिर्जनामा लाग्न सुझाव दिँदै उहाँले कुनै पनि काम एक दुई चोटिको प्रयासबाटै सफल हुन्छ भन्ने छैन यद्यपि प्रयास छोड्नु हुँदैन भन्नुभयो ।

कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले उद्यमी बन्ने युवा विद्यार्थीहरू सम्बद्ध विभिन्न कार्यालयहरूमा सम्पर्क गर्न गाह्रो मान्नु हुन्न भन्दै युवा उद्यमशीलताको लागि हिजोआज धेरै संघसंस्थाहरूले सहुलियत दिइरहेको जानकारी दिनुभयो ।

कलेजका संयोजक ज्ञानसागर प्रजापतिले विनाधितो बिनाब्याज ५ वर्षसम्म पुँजी सञ्चालन गर्ने यो एउटा गौरवपूर्ण उपलब्धी भएको चर्चा गर्दै यसले शिक्षालाई उद्यमसित जोड्ने प्रयास गरेको छ; यसले युवा विदेश पलायनलाई थोरै भए पनि रोक्नेछ भन्नुभयो ।

कलेजका प्राचार्य धनकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले कार्यक्रम सफल पार्न सहयोग गर्ने युजीसीलगायत सम्बद्ध सबैप्रति आभार व्यक्त गर्दै आगामी दिनमा अध्ययनरत विद्यार्थीहरू यसतर्फ आकर्षित हुन सुझाव दिनुभयो ।

कार्यक्रममा उद्यमशीलता कार्यक्रमका संयोजक अविना श्रेष्ठ, उद्यमशील विद्यार्थीद्वय निष्ठा कायष्ठ र कृपा प्रजापतिले पनि बोल्नुभएको थियो । उद्यमी कायष्ठले Handmade Wonders मार्फत् खेर गएका कपडाबाट विभिन्न सामान उत्पादन गर्दै आउनुभएको छ भने प्रजापतिले Kytso Crafted Jewelry मार्फत् माटोका विभिन्न गरगहनाहरू उत्पादन गर्दै आउनुभएको छ ।

# नगरस्तरीय वक्तृत्वकला प्रतियोगितामा वागीश्वरीका सुजाता बडुवाल तेस्रो

भक्तपुर- श्वेत भैरव साकोसको २० औं स्थापना दिवसको अवसरमा भाद्र २१ गते आयोजित प्रथम भक्तपुर नगरस्तरीय अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगितामा वागीश्वरी माविकी सुजाता बडुवाल तेस्रो भएकी छिन् ।



जम्मा नौ ओटा विद्यालयहरूका १४ विद्यार्थीहरू सहभागी रहेको उक्त प्रतियोगितामा बासु माविकी प्रतिक्षा शाही प्रथम, गणेश मावि भार्वाच्वकी एलिशा विक दोस्रो घोषणा गरिएको उक्त कार्यक्रममा विजेता विद्यार्थीहरूलाई कार्यक्रमका प्रमुख अतिथि नेक्राशिसंघका अध्यक्ष ज्ञानसागर प्रजापतिले पुरस्कार वितरण गर्नुभएको थियो । सोही अवसरमा उहाँले भक्तपुरमा सहकारीको रकम हिनामिना गर्नेलाई उल्टो टोपी लगाई नगर घुमाएको इतिहास रहेको चर्चा गर्दै सहकारी संस्थाले जनताको सङ्कलित रकमको हिसाब ठिक दुरुस्त राख्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'सहकारी संस्था केवल नाफामुखी बन्नु हुँदैन । सङ्कलित रकम धेरै ब्याजको लागि बैंकहरूमा जम्मा गर्ने हो भने त्यो गाईमारी बाघ पोसेजस्तो हुन्छ; बैङ्कमा राख्नुभन्दा स-साना उद्योग, व्यापार, कृषि व्यवसायमा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ ।'

संस्थाका सञ्चालक लक्ष्मीप्रसाद दुवालको सभापतित्वमा आयोजित सो प्रतियोगिताको पुरस्कार वितरण समारोहमा संस्थाका अध्यक्ष जितेन्द्र खायमली र स्थानीय वडाध्यक्ष केपी कोजुले स्वेत भैरव साकोसको स्थापनाको महत्त्व र यसले गर्दै आएका सामाजिक, आर्थिक र सांस्कृतिक गतिविधिहरूबारे प्रकाश पार्नुभएको थियो ।

# गजलहरू

**नाम : हिमाल रतन**
**कक्षा : १२ एफ, व्यवस्थापन**

संसारबाट अस्ताए पनि छर्दिए साहित्यको ज्योति
जन्मदिनको असीम शुभकामना स्वर्गीय मोती

सजाएर गजल गीत आनन्द भर्दिए मनमा
सृजनाको खानी उनी कोर्दिए पत्थर खोपी

तिमी पत्रकार जीवनी लेखक तिमी नै गजलकार
रोप्यौं लेख जसरी किसानले धान रोप्छ जोती

बिउ रोप्यौ तिम्ले अब हाम्ले गोड्दिए पुग्ला
फल फलाउँछ युवामा तिमी जस्तै बन्ने सोची

शान्ति प्रेमी राष्ट्रवादी भइदिए दुखीको लागि
नराम्रो बोलेनन् कसैलाई नमिठो शब्दले घोची

---

**तेन्जिङ डोल्मा तामाङ**
**बीए तेस्रो वर्ष**

हाम्रा देशका नेता हिराहरू अनि जनताचाहिँ किराहरू
अझै कति बिदेसिने हो हाम्रो पुर्खा बिँडाहरू

यो लोकतान्त्रिक, गणतान्त्रिक मुलुकमा छैन जनताको सम्मान
आफ्नै नागरिकता लिन पनि पुकार्नुपर्छ भगवान्

राजधानीका नेताहरू सत्ताको नाममा कुर्सी तानातान
उता मुस्ताङमा नुन खानका लागि ढुङ्गा हानाहान

भारत पुग्यो चन्द्रयानमा नेपाल जहि को तहीँ
शरणार्थी र सुनकाण्डमा अल्झिएपछि विकास गर्नुपर्दैन रे केही

हाम्रा देशका नेता हिराहरू अनि जनताचाहिँ किराहरू
अझै कति बिदेसिने हो, हाम्रा पुर्खा बिँडोहरू

**बिपना खाती**
**कक्षा : १२ सी**

उसको त आयो मेरो पनि खाडीको पास आउँछ
फर्किन्छु आमा भन्ने छोराको भोलिपल्ट लास आउँछ ।

यो क्रम त दिनदिनै दोहोरिनै रहन्छ
जबसम्म नेपालमा विदेशी पैसाको सुवास आउँछ ।

यहाँ क्षति त जन्मदिने आमालाई पो भयो
इष्टमित्रबाट त समवेदनाको रास आउँछ ।

मान्छेको जिन्दगीमा सधैं एक्का जुट कहाँ पर्छ र ?
कहिले काहीँ दुवा तिर्खी पर्ने पनि तास आउँछ ।

म सोच्छु विदेशमा चाहिँ पैसा फल्छ र ?
नेपालमै राम्रो काम गर, साथी हो तिमीलाई स्याबासी आउँछ ।

---

**सृष्टिका कार्की**

जिन्दगीमा केही बन्छु भने आसमा सकिन्छ
सुख र खुसीकै खोजीको तलासमा सकिन्छ

खुसी किन्न लागी छोरी साहुसँग ऋण लिएर
पैसा पैसा भन्दा भन्दै छोरी प्रवासमा सकिन्छ

जति झगडा गर्छौ या त प्रेमका इन्कार नै गर
आखिर सम्बन्ध त बिना विश्वासमा सकिन्छ

भर्खरै दाह संस्कार गरेको छु केही सपनाहरू
नपत्याए हेर्नुस् बल्दै गरेको लासमा सकिन्छ

जसरी जिन्दगीबाट सकियो परिभाषा जिउनुको
अरूको भलो चाह्यो भने जीवन विनासमा सकिन्छ

दुनियाँ सम्हाल्न निस्किएको थिएँ म आजभोलि
कहाँ, कति बेला कसरी हावाको बतासमा सकिन्छ

गर्न त वीर नेपालीहरूले एकीकरण त गरेकै थिए
केवल उनीहरूको योगदान त इतिहासमा सकिन्छ

कति लड्छौ अब तँ ठूलो कि म ठूलो भन्दै आज
जीवन एकदिन अन्तिम एकमुठी सासमा सकिन्छ

**कविता : अपूर्ण सपनी**
**सुस्मा दर्नाल, कक्षा १२**

सुस्ताउन खोजिरहेको मस्तिष्कलाई कसरी जोगाऊँ म ?
आँखा अगाडि उडिरहेको सपनाहरूलाई कसरी बचाऊँ म ?
प्रश्न अनेक तर उत्तर शून्य,
चुनौती अनेक तर प्रयास शून्य

सपनाको हत्यारा बन्न खोज्दै गर्दा
कारणहरू कतै भेटाइनँ
सपनालाई अँगाल्न खोज्दा
सफलताको सिढी खै कतै भेटाइनँ

आँखा बन्द गर्दा आउने त्यो सपनी
आँखा खुला गर्दा आउने यो सपनी
सपनाहरूलाई साकार पार्न प्रयास गर्दा गर्दैको रहेछ यो विपनी

---

**कविता : किताब**
**झरना कुमारी बिक**

किताब नै हो मेरो जीवन
किताब नै हो संसार
डटेर अगाडि बढ्नेछु
खाने छैन हार

किताबले नै दिने गर्छ
हामीलाई धेरै ज्ञान
हामीले राम्रो काम गरे
पाउने छैन है समान

पढौं हामी किताब
धेरै ज्ञान सिक्नलाई
सधैं अघि बढ्नुपर्छ
सबैको मन जित्नलाई

किताब नै हो जुनको ज्योति
किताब नै हो तारा
यसले सबैलाई दिने गर्छ
संसार खुसी सारा

**पुष्कर मानन्धर**
**कक्षा ११, मानविकी**

हेर्दा खेरी मुस्कुराउने बानी छ मेरो
त्यही मुस्कानमा छुट्टै कहानी छ मेरो

पहिला म सानो थिएँ अहिले ठूला भाको छु
राम्रो काम गर भनी आशीर्वाद पाको छु

आफ्नो घर छाडी आए भविष्य बनाउँछु भनी
त्यही घरमा फर्कनु छ असल छोरा बनी

परिवारको जिम्मेवारी उठाउनु छ एक्लै
घरको एक्लो छोरा हुँ म सपना छ बेग्लै

**आमा**
**लक्ष्मीमाया बल, कक्षा : ११**

आमा तिमीले मेरो खुसीको लागि
आफ्नो खुसीको त्याग गर्नुभयो
आमा तिमीले मेरो इच्छा पूरा गर्नका लागि
आफ्नो इच्छाको त्याग गर्नुभयो...

हामीलाई सुख दिई आफूले
दु:ख कष्ट भोग्नुभयो...
आफू भोकै बसी हामीलाई खाना दिनुभयो
आफू फाटेको लुगा लगाई
हामीलाई राम्रो नाना दिनुभयो...

आमा अब त्यति सपना छ कि
तिमीलाई अबको दिन सुखमा राख्न पाऊँ
तिम्रै आशीर्वादले यहाँसम्म पुग्न सफल भएकी छु
तिम्रो आशीर्वाद सधैं मेरो शिरमा रहिरहोस् ।



# ‘नैतिकताको आवश्यकता र सुख दु:खले घोटेर पाएको जीवन मात्र वास्तविक जीवन हो’

भक्तपुर - भिन्तुना सहकारी : उक दिगो वित्तीय सहकारी परिकल्पनामा सञ्चालित भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.को शिक्षा उपसमितिले शनिबार ‘समाजको आर्थिक उत्थानका लागि सहकारी’ विषयक नगरव्यापी वक्तृत्वकला प्रतियोगिताको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले प्रतियोगिता सिक्ने मनस्थितिले भाग लिनुपर्ने औचित्यताबारे प्रकाश पार्नुभयो ।

सहभागीहरू कोही हार नभएको बताउँदै अतिथि प्रजापतिले भक्तपुरका किसानहरूले २०२५ असार १९ र २०२६ साउन २ गतेको नवदुर्गा बचत संस्थाका सञ्चालकहरू भ्रष्ट भएका कारण भ्रष्टाचारविरुद्धको आन्दोलन भएको र किसानहरूको आफ्नो हक र हितको लागि सङ्घर्ष भएको इतिहासबारे जानकारी दिनुभयो । सहकारीमा बचतको पारदर्शिता र सदस्यहरूको सुशासनले मात्र समुदायमा आधारित सहकारीको विकास हुने विचार उहाँले प्रस्ट पार्नुभयो । नैतिकताको आवश्यकता र सुख दु:खले घोटेर पाएको जीवन मात्र वास्तविक जीवन हो भनी उहाँले जोड दिनुभयो । हाम्रो नयाँ पुस्तामा रगत र पसिनाको मूल्य चिन्ने आधार भनेको देशको भविष्यसँग साँच्न सक्नुपर्नेबारे उहाँले प्रकाश पार्नुभयो ।

संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालले सहकारीको उत्तरदायित्व र समुदायको हितको लागि भए गरेका तालिम एवं कार्यक्रमहरूबारे प्रस्ट पार्नुभयो । निर्णायकद्वय सुरज दिदिया र रूपकेशरी उलकले पनि वक्तृत्व प्रतियोगिताका विविध पक्षहरूबारे बोल्नुभएको उक्त कार्यक्रममा सहभागी विद्यालय प्रतिनिधिहरूको तर्फबाट वागीश्वरी माविका मङ्गलेश्वर ध्वजूले बोल्नुभएको थियो ।

वक्तृत्वकला प्रतियोगितामा पारागन एकेडेमीका सभ्यता खड्का प्रथम, समाज सुधार मा.वि.का प्रीति प्रजा द्वितीय, वागीश्वरी मा.वि. का सुजाता बडुवाल तृतीय र भक्तपुर साकोसका संगम नेपालले सान्त्वना पुरस्कार जित्नुभएको थियो ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने प्रतियोगीहरूलाई प्रमुख अतिथि ज्ञानसागर प्रजापतिले प्रमाणपत्र, मेडल तथा ट्रफी वितरण गर्नुभएको थियो ।

कार्यक्रम संस्थाको शिक्षा उपसमितिका संयोजक कृष्णप्रसाद सुवालको सभापतित्वमा भएको थियो । उक्त कार्यक्रममा समितिका सदस्य सुनिता घटुवाले पनि बोल्नुएको थियो ।

भ्रष्टाचार...

पुस्तकहरूको अध्ययनमा जोड दिनुपर्ने र स्वअध्ययनबाट प्राप्त ज्ञान अमूल्य हुने बताउनुभयो ।

देशको शासन व्यवस्था कमजोर हुँदा भ्रष्टाचार पनि मौलाउँदै जाने बताउँदै उहाँले सार्वजनिक संस्था प्रभावकारी बनाउन भ्रष्टाचार नियन्त्रण आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्तालाई प्राज्ञिक सँगसँगै सामाजिक विषयवस्तुहरूमा पनि परिपक्व पार्दै लानुपर्ने आजको आवश्यकता हो भन्दै २०४५ सालमा नेमकिपालाई समूल नष्ट गर्न राज्यस्तरबाट रचिएको भक्तपुर काण्डबारे भर्त्सना गर्नुभयो ।

कार्यक्रममा वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्यले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने वडा सदस्य इन्द्रबहादुर प्याठ, कार्यपालिका सदस्य छोरीमैंया सुजखु र नेपाली शिक्षक हेरा फुँयालले प्रतियोगिता आयोजनाबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगितामा बासु माविका सुप्रिम सुलु प्रथम, वागीश्वरी माविका इभान्जली लामा द्वितीय, मोर्डन इ. स्कूलका प्रतिज्ञा पौडेल तृतीय र विद्यार्थी निकेतनका पानसरा शाहीले सान्त्वना स्थान हासिल गरेका थिए भने कविता प्रतियोगितामा महेन्द्र विद्याश्रमका विभूति कार्की प्रथम, वागीश्वरी माविका श्रीया शाही द्वितीय, बासु माविका हिमाल रोकाया तृतीय, विद्यार्थी निकेतनका मनिषा तामाङ र सरस्वती विद्यागृहका सरु तामाङले सान्त्वना स्थान हासिल गरेका थिए । सोही क्रममा सहभागी विद्यार्थीहरूलाई पनि प्रमाणपत्र तथा पठन संस्कृतिको विकासका लागि महत्त्वपूर्ण पुस्तकहरू उपहारस्वरूप प्रदान गरिएको थियो ।

प्रतियोगिताको निर्णायकमण्डलमा जोरपाटी माविका प्रअ हरिप्रसाद ढकाल, आदर्श मावि ठिमीका शिक्षक हरिसुन्दर पोतामहा र ज्योति माविका शिक्षक सुरेश बखुन्छे रहनुभएको थियो ।



वागीश्वरी कलेज बीबीएस तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूको आयोजनामा दक्षिणकालीमा भएको वनभोज कार्यक्रमको सामूहिक तस्बिर

# वागीश्वरीमा १५९ औँ मोती जयन्ती




भक्तपुर - वागीश्वरी माध्यमिक विद्यालय, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको संयुक्त आयोजनामा युवा कवि मोतीराम भट्टको १५९ औँ जन्म जयन्ती गजल गोष्ठीसहित भाद्र १७ गते सोमबार मनाइयो ।

कार्यक्रममा वागीश्वरी मा.वि. कक्षा ११ र १२ का संयोजक ज्ञानसागर प्रजापतिले गजलमा प्रस्तुत भावलाई व्यावहारिक र सार्थक जीवनको लागि प्रयोग गर्न सुझाव दिनुभयो ।

साहित्यकारका हरेक रचना सोख र मनोरञ्जनका लागि मात्र नभएर समाज र जीवनमा सकारात्मक परिवर्तनको लागि हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, ‘साहित्यमार्फत भ्रष्टाचारको विरोध गर्नु जति सजिलो छ, भ्रष्टाचारीहरूको सामना गर्न निकै कठिन हुने भएकोले निडर हुनु आवश्यक छ ।’


विद्यार्थीहरूले वाचन गरिएका गजलहरूको समीक्षा गर्दै त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक एवम् वागीश्वरी मा.वि.का पूर्वशिक्षक चन्द्रप्रसाद ढकालले गजल विधामा उत्कृष्ट विद्यार्थी तयार गर्न वागीश्वरी सफल हुनुमा यस्तै कार्यक्रमको योगदान रहेको बताउनुभयो ।

वागीश्वरी मा.वि.का प्रधानाध्यापक एवं कार्यक्रमका सभापति कृष्णप्रसाद कर्माचार्यले वागीश्वरीले पाठ्यक्रममा मात्र सीमित नराखी विभिन्न अतिरिक्त क्रियाकलापमा समेत विद्यार्थीहरूलाई अघि बढाएको स्पष्ट पार्नुभयो ।

नेपाली विषय शिक्षक हिरालाल फुँयालले स्वागत गरेको उक्त कार्यक्रममा गजल गायक देनी निरौला, गितारवादक रमेश सुवेदी र तवलावादक बद्री सेवाको साङ्गीतिक समूहबाट मिठासपूर्ण गजल प्रस्तुत भएको थियो ।

शिक्षक हरिप्रसाद ढकालले सञ्चालन गरेको उक्त कार्यक्रममा शिक्षकहरू रवीन्द्र न्हेम्हाफुकी, नवीन्द्रलाल कर्माचार्य, प्रजापति खनाल, गीता खनाल, गनु साम्पाङ राईले गीत तथा गजल प्रस्तुत गर्नुभएको थियो भने विद्यार्थीहरू कृशला प्रजापति, सृष्टि कार्की, प्रकाश रोकाया, रमेश गोरा, सरिना श्रेष्ठ, सुवान सुवाल, दावा तामाङ, हीरा तामाङ, देवराज विक, सुमित्रा श्रेष्ठ, गणेश विष्ट, मुकुण्ड रोकाया, सन्ध्या श्रेष्ठ, आभा प्रजापति, सुशान्त बुढाथोकी, झरना कुमारी विक, स्मृति घले, सुजन खत्री, निरूता श्रेष्ठ, विवेश धमलालगायतले गीत तथा गजल वाचन गर्नुभएको थियो ।

कार्यक्रमपश्चात प्रमुख अतिथिबाट साङ्गीतिक टोलीलाई मायाको चिनो प्रदान गरिएको थियो ।







प्रकाशकः वागीश्वरी कलेज स्नातक तेस्रो वर्ष कार्यमूलक नेपाली पत्रकारिताका विद्यार्थी, कार्यालयः वागीश्वरी कलेज, फोन नं.: ६६१८३१९, www.bagiswori college.edu.np, Email:info@bagiswori college.edu.np, कम्प्युटरः प्रवीण प्रजापति, मुद्रकः इन्द्रेणी छापाखाना, मिवाछे, भक्तपुर ।